वालिङ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

वालिङ, स्याङ्जा

फोन नं.: ०६३-४४०१७७

गण्डकी प्रदेश, नेपाल

पत्र सं: ०७९/०८०

च नं:

मितिः २०७९/०४/२४

## अनुदानको मल विक्रेता नियुक्ती सम्बन्धी सूचना

अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका, २०७७ अनुसार स्थानिय तहमा नेपाल सरकारद्धारा प्रदान गरिएको अनुदानको मल बिक्री वितरण गरिरहेका र अनुदानको मल बिक्री वितरण गर्न ईच्छुक वालिङ नगरपालिका भित्रका कृषि सहकारीहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन ( मिति २०७९/०५/०७ गते ) भित्र वालिङ नगरपालिका कृषि विकास शाखामा आवश्यक कागजात तथा विवरण सहित अनुदानको मल खरिद बिक्रिको लागि रितपूर्वक निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

पेश गर्नु पर्ने आवश्यक कागजातहरु :

१. कृषि सहकारी संस्थाको निवेदन ।

२. कृषि सहकारी संस्थाको दर्ता प्रमाणपत्र ।

३. विगत दुई आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपी ।

४. स्थायी लेखा नम्बर दर्ताको प्रमाणपत्र र कर चुक्ताको प्रतिलिपी ।

५. सम्बन्धीत वडा कार्यालयको सिफारिस पत्र ।

६. सम्बन्धीत कृषि सहकारी संस्थाले मल बेचविखन गर्ने निर्णयको प्रतिलिपी ।

७. अनुभव, कार्यदक्षता र कार्यक्षमताको विवरण ।

८. सम्बन्धीत सहकारी संस्था, फर्म वा कम्पनीले विक्रि गर्ने कृषक घरधुरी संख्या, ठेगाना र उक्त कृषक घरधुरीहरुले गरिएको जग्गाको क्षेत्रफल विवरण ।

९.नापतौल गर्ने मेशिन, गोदामघर र सूचना प्रविधि लगाएतको भौतीक पूर्वाधारहरुको विवरण ।

( पुनश्च : हाल रासायनिक मल बिक्री वितरण गरिरहेका कृषि सहकारीहरुले पनि अनुदानको मल विक्रेता अनुमति पत्र नविकरणका लागि निवेदन पेश गर्नुपर्नेछ । )

४/२८

राजन भट्टराई

प्रमुख प्रशासकीय अधिकृत